# बन्दीपुर गाउँपालिका
**Bandipur Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

बन्दीपुर तनहुँ

**Bandipur, Tanahun**

२०७३ (2073)

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**


**प. सं.** (Ref. No.):-२०८२/८३

**च. नं.** (Des. No.):- १७९६

मिति: २०८३/०२/११

श्री सुचिकृत संघ संस्थाहरु सबै ।

बिषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा बन्दीपुर गाउँपालिकाको आ.ब २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तरगत बन्दीपुरको पर्यटकिय गन्तव्यहरुको प्रचार प्रसार तथा पर्यटकलाई सहज बनाउनको लागि बन्दीपुरको पर्यटन नक्सा निर्माण तथा प्रकाशन गर्नको लागि मिति २०८३/०१/२८ गतेको बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको बैठक द्वारा स्वीकृत यसै साथ संलग्न गरिएको कार्यगत सर्तनामा (TOR) को आधारमा मिति २०८३/०२/१८ गते कार्यालय समय भित्र प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

कमल बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत

कमल बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत




CS Scanned with CamScanner

बैठक संख्या : १६ ,

मिति: २०८३/०१/२८ को कार्यपालिकाको बैठकबाट स्वीकृत

निर्णय नं.:१७

बन्दीपुरको पर्यटन नक्सा निर्माणका लागि कार्यगत सर्तहरू (**Terms of Reference – TOR)**

१. पृष्ठभूमि

बन्दीपुरको पर्यटन क्षेत्रलाई समेट्दै स्थानीय संस्कृति, प्राकृतिक सम्पदा, ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण र प्रवर्द्धनका साथै स्थानीय पर्यटकिय गन्तव्यको पहिचान र विकासको लागि पर्यटकहरूलाई गन्तव्य, सेवा सुविधा तथा यातायात सम्बन्धी स्पष्ट जानकारी उपलब्ध गराउन व्यवस्थित तथा आकर्षक पर्यटन नक्सा आवश्यक भएकोले यस कार्यगत सर्त तयार गरिएको हो।

२. कार्यको उद्देश्य

यस कार्यको मुख्य उद्देश्य सम्बन्धित क्षेत्रका प्रमुख पर्यटन गन्तव्य, सांस्कृतिक तथा प्राकृतिक सम्पदा, सेवा सुविधा तथा यातायात पहुँचलाई समेटेर प्रयोगमैत्री पर्यटन नक्सा तयार गर्नु हो।

३. विशिष्ट उद्देश्यहरू

- प्रमुख पर्यटकीय स्थलहरूको पहिचान तथा नक्सांकन गर्नु।
- पर्यटकलाई आवश्यक आधारभूत जानकारी उपलब्ध गराउनु।
- पर्यटन प्रवर्द्धन तथा गन्तव्य ब्राण्डिङमा सहयोग पुन्याउनु।
- स्थानीय पर्यटन व्यवस्थापन तथा योजना निर्माणमा सहयोग पुन्याउनु।

४. कार्यक्षेत्र

परामर्शदाता/संस्थाले निम्न कार्यहरू सम्पन्न गर्नुपर्नेछः

क. तथ्यांक संकलन तथा अध्ययन

- उपलब्ध नक्सा, GIS डेटा, पर्यटन सम्बन्धी प्रतिवेदन तथा दस्तावेज अध्ययन गर्ने।
- आवश्यकतानुसार स्थलगत अवलोकन तथा तथ्यांक संकलन गर्ने।
- स्थानीय तह, पर्यटन कार्यालय तथा सरोकारवालासँग समन्वय गर्ने।

ख. नक्सा निर्माण तथा डिजाइन

पर्यटन नक्सामा निम्न विवरण समावेश गर्नुपर्नेछः

- प्रमुख पर्यटकीय स्थलहरू
- धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरू
- यातायात मार्ग तथा पहुँच
- पदमार्ग/ट्रेकिङ मार्ग
- अस्पताल, प्रहरी कार्यालय तथा आपतकालीन सेवा
- सामुदायीक होमस्टे, साईकल रुट, होमस्टे सर्किट

- उपयुक्त संकेत चिन्ह (Legend/Symbol) प्रयोग गर्ने।
- आकर्षक तथा स्पष्ट डिजाइन तयार गर्ने।

CS Scanned with CamScanner

- नेपाली तथा अंग्रेजी भाषा प्रयोग गर्न सकिनेछ।

ग. डिजिटल विकास

- GIS आधारित नक्सा तयार गर्ने।
- सम्पादन गर्न मिल्ने स्रोत फाइल उपलब्ध गराउने।
- आवश्यक भएमा वेब तथा मोबाइलमैत्री संस्करण विकास गर्ने।

घ. परामर्श तथा प्रमाणीकरण

- प्रारम्भिक मस्यौदा सरोकारवालासमक्ष प्रस्तुत गर्ने।
- प्राप्त सुझाव समावेश गरी अन्तिम नक्सा तयार गर्ने।

५. अपेक्षित उपलब्धिहरू (Deliverables)

परामर्शदाता/संस्थाले निम्न प्रतिवेदन तथा सामग्री पेश गर्नुपर्नेछ:

1. प्रारम्भिक प्रतिवेदन (Inception Report)
2. मस्यौदा पर्यटन नक्सा
3. सरोकारवाला परामर्श प्रतिवेदन
4. अन्तिम पर्यटन नक्सा ( मुद्रणयोग्य)
5. GIS तथा स्रोत फाइलहरू
6. प्रयोगकर्ता निर्देशिका

६. कार्यविधि

परामर्शदाता/संस्थाले निम्न कार्यविधि अवलम्बन गर्न सक्नेछ:

- दस्तावेज अध्ययन
- GIS Mapping
- स्थलगत सर्वेक्षण
- प्रमाणीकरण कार्यशाला
- ग्राफिक डिजाइन तथा कार्टोग्राफी मापदण्डको प्रयोग
- सरोकारवाला परामर्श

७. कार्य अवधि

यो कार्य सम्झौता भएको मितिले ३० दिन भित्र सम्पन्न गर्नुपर्नेछ।

८. प्रतिवेदन तथा समन्वय

परामर्शदाता/संस्थाले बन्दीपुर गाउँपालिका सँग समन्वय गरी तोकिएको सम्पर्क व्यक्तिलाई प्रतिवेदन पेश गर्नुपर्नेछ।

९. आवश्यक योग्यता

परामर्शदाता/संस्थासँग निम्न योग्यता हुनुपर्नेछ:

- GIS तथा नक्सा निर्माणमा अनुभव
- पर्यटन सम्बन्धी परियोजनामा कार्य अनुभव
- दक्ष GIS विज्ञ, डिजाइनर तथा सर्वेक्षक जनशक्ति
- स्थानीय भूगोल तथा पर्यटन क्षेत्रको ज्ञान

१०.स्वामित्व तथा गोपनीयता

यस कार्य अन्तर्गत तयार गरिएका सम्पूर्ण नक्सा, तथ्यांक तथा सामग्रीको स्वामित्व बन्दीपुर गाउपालिकामा मा रहनेछ। परामर्शदाता/संस्थाले परियोजनासम्बन्धी जानकारी गोप्य राख्नुपर्नेछ।

...ल बहादुर के.सी.
...प्रशासकीय ...धिकृत

Scanned with CamScanner